# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति २०८१/०७/०६)**

यस वित्तीय संस्थाको आ.व. २०८१/८२ को रिक्त कर्मचारीहरु दरबन्दीहरु मध्ये देहाय बमोजिमका पदहरु खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी रुपमा पूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, हालै खिचिएको पासपोर्ट साईजको फोटो ४ (चार) प्रति र तोकिएको दस्तुर सहित यो सूचना प्रकाशन भएको मिति **२०८१/०७/०६** देखि **२०८१/०७/२०** गतेसम्म अर्थात १५ दिन भित्र र सो पछि दोब्बर दस्तुर तिरी मिति **२०८१/०७/२७** सम्मको अवधि भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौंमा भौतिक रुपमा उपस्थित भई वा कुरियर मार्फत कार्यालयको ठेगानामा तोकिएको ढाँचामा दरखास्त बुझाउन आह्वान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिनको कार्यालय समयभित्रमा दरखास्त पेश गर्न सकिनेछ । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । अन्य कुराको हकमा दरखास्त फाराममा उल्लेख भए अनुसार हुनेछ । म्यादभित्र पेश नभएको र रित नपुगी आएको दरखास्त उपर कुनै कारवाही हुनेछैन । दरखास्त फाराम तथा पाठ्यक्रम यस वित्तीय संस्थाको वेबसाइट www.skbbl.com.np बाट Download गर्न सकिनेछ । दरखास्त दस्तुर यस वित्तीय संस्थाको टेकु स्थित प्रभु बैंकको खाता नं. ११४००७२८५०२०००३५ मा जम्मा गरी सो को सक्कल भौचर दरखास्तसँग पेश गर्नुपर्ने छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/श्रेणी/तह | पद संख्या | परीक्षा दस्तुर | सेवाको प्रकार | न्यूनतम शैक्षिक योग्यता तथा अनुभव | उमेर* | काम गर्नु पर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३/२०८१/८२ | प्रबन्धक, अधिकृत श्रेणी, तह- ८ (CA) | १ | १,२००/- | स्थायी | Chartered Accountancy वा सो सरहको परीक्षा उत्तीर्ण भई बैंक वा वित्तीय संस्थाहरुमा र/वा लेखापरीक्षण सम्बन्धी काममा गरी कूल ३ वर्षको अनुभव प्राप्त गरेको । | २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरु |
| २ | ४/२०८१/८२ | वरिष्ठ अधिकृत, अधिकृत श्रेणी, तह- ७ (CA) | ३ | १,२००/- | स्थायी | Chartered Accountancy वा सो सरहको परीक्षा उतीर्ण भएको । | २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरु |
| ३ | ५/२०८१/८२ | अधिकृत, अधिकृत श्रेणी, तह- ६ | ४ | १,०००/- | स्थायी | (क) वाणिज्यशास्त्र वा व्यवस्थापन वा जनप्रशासन वा अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको, वा<br>(ख) वाणिज्यशास्त्र वा व्यवस्थापनमा स्नातक तह उत्तीर्ण हुनुका साथै Chartered Accountancy वा सो सरहको परीक्षामा CAP II वा सो सरह परीक्षा उतीर्ण गरेको । | २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | शाखा कार्यालयहरु |

* महिला उम्मेदरवारको हकमा माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ । वित्तीय संस्थाको बहालवाला कर्मचारीलाई उल्लिखित उमेरको हद लाग्ने छैन । "उमेर" भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुग्ने उमेर सम्झनु पर्दछ ।

अन्य व्यवस्थाहरु :

१. परीक्षा हुने मिति र स्थान : यस वित्तीय संस्थाको Website र सूचना पाटीमा सूचना प्रकाशन गरी जानकारी गराइनेछ ।

२. परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता ।

३. तलब भत्ता तथा सुविधा :वित्तीय संस्थाको नियमानुसार ।

४. परीक्षणकाल अवधि : ६ महिनासम्म परीक्षणकालमा राखिनेछ ।

**पदपूर्ति समिति**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं ।